चार

संसदीय विकास कोषमा देखिएका बेथिति र यसको औचित्य

सुरेन्द्र कुमार कामति

परिचय

संसद्मा कानून बनाउने जिम्मेवारी सांसदले पाएको हुन्छ । सांसदको मुख्य ध्येय नै संविधानतः देशलाई आवश्यक पर्ने नीति-निर्माण गर्ने र त्यसको कार्यान्वयनको अवस्थाको निगरानी गर्ने हो । नेपालमा सांसदहरू कानून बनाउने कामबाट पन्छिएर विकास निर्माणको कामतर्फ उद्यत भएको देखिन्छ । सांसदले आफ्नो ठाउँको विकास गर्ने नारालाई महत्त्व दिएको कुरा "सांसद विकास कोष" को नामले चिनिने "निर्वाचन क्षेत्र विकास कार्यक्रम" वा "निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम" को उदाहरणबाट बुझ्न सकिन्छ । कानून निर्माणमा केन्द्रित हुनुको सट्टा यसरी खुद्रे विकासमा अल्झिएर सांसदले एक प्रकारका नयाँ भ्रष्टाचारको जग निर्माण गरेको आरोप लाग्ने गरेको छ । मधेश प्रदेशको सिरहा जिल्लालाई केन्द्र बनाएर सांसद विकास कोष मार्फत २०७४ को निर्वाचन पछिका तीन वर्षमा विकास निर्माणको नाउँमा जनताले तिरेको करलाई आफू अनुकूल खर्च गरेर निम्त्याएको बेथितिबारे यो अध्ययनमा खोजी गरिएको छ ।

नीति-निर्माणमा जुट्नु पर्ने सांसद आर्थिक स्रोतको परिचालनमा संलग्न हुने परिस्थितिले अन्ततः लोकतन्त्रमाथि प्रहार गर्छ । विगतका वर्षमा सरकार बनाउने र भत्काउने प्रक्रियामा "सांसद खरिद-बिक्री" का धेरै घटना सतहमा आएका छन् । कानून बनाउन जाने विधायकलाई सरकारी रुपियाँले कमजोर बनाउने र चुनाव पनि स्वस्थ र प्रतिस्पर्धा मूलक हुन नसक्ने यथार्थ केही अध्ययनले उजागर गरेका छन् । संसदीय मामिलाका जानकार पत्रकार

तारानाथ दाहालले वि.सं. २०७२ मा सांसद विकास कोष सम्बन्धमा तत्कालीन ७५ ओटै जिल्लाबाट सूचना संकलन गरी विश्लेषण गरेका थिए । उक्त अध्ययनले संसदीय विकास कोषको रकममा भइरहेको मनोमानीलाई थप प्रस्ट्यायो । सूचनाको हकका लागि नागरिक अभियान (सीसीआरआई) ले गरेको अध्ययनले देखाएको छ कि अधिकांश जिल्लामा कार्यक्रमको छनोट कार्यकर्ता रिझाउने र मतदाता प्रभावित पार्ने ढंगले गरिएको थियो । कोषको कार्यक्रमबारे अध्ययन गरेका फ्रिडम फोरमका अनिरुद्ध न्यौपानेले कार्यकर्तालाई खुसी बनाउन नियमावली विपरीत रकम बाँडिएको बताएका छन् (हिमालखबर २०७२) । कोषको बजेट वार्षिक पाँच करोड रुपियाँ पुऱ्याउन सांसदहरूले माग गरिरहेको समयमा एक करोड रुपियाँ नै अपारदर्शी तरिकाले खर्च भएको उक्त अध्ययनले देखाएको हो ।

वि.सं. २०७४ को निर्वाचनपछि तीन वर्ष सांसद विकास कोषको योजना सञ्चालनमा आयो । आर्थिक वर्ष (आ.व.) २०७५/७६, २०७६/७७ र २०७७/७८ मा "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम" नाउँबाट प्रत्यक्ष निर्वाचित सांसदकै हालीमुहाली रहने गरी यो कोष सञ्चालन भएको थियो । महालेखा परीक्षकको कार्यालयले पनि सांसद विकास कोषको रकम दुरुपयोग भएको आफ्नो प्रतिवेदनहरूमा उल्लेख गर्दैआएको थियो । र, बर्सेनि सांसदका नाममा बेरुजू रकम निकाल्दै आएको थियो । प्रतिवेदनमा राज्यले अर्बौँ रुपियाँ सांसद विकास कोषको नाउँमा बाँड्ने गरेको र त्यसको दिगोपनाको सट्टा कार्यकर्तामुखी भएको निष्कर्ष निकाल्दै रोक्न सुझाव दिँदैआएको थियो ।

एक जना सांसदले उल्लिखित तीन वर्षमा यो कार्यक्रम अन्तर्गत क्रमशः ४ करोड, ६ करोड र ४ करोड गरी १४ करोड आफ्नो निर्वाचन क्षेत्रका लागि बजेट पाए । यसबाट दुई ओटा स्वार्थ पूर्ति भएको देखिन्छ । एक, निश्चित योजनाको ठेक्का आफन्त र आसेपासेलाई बजेट दिएर कमाउने माध्यम बनाउने, र दुई, विकासका नाउँमा चुनावी नतिजालाई प्रभावित पार्न यो कोषको दुरुपयोग हुने गरेको आवाज उठ्ने गरेको छ ।

त्यसैले यो कार्यक्रम खारेजीको माग बेला-बेलामा उठ्ने गरेको छ । कोभिड-१९ महामारीले देश र दुनियाँलाई त्रसित बनाइरहेको बेला नेपालमा सांसदलाई दिइने त्यस्तो विकासे कार्यक्रमको खारेजीको माग जोडतोडले उठ्यो । नेपाली काँग्रेस पार्टीको केन्द्रीय समितिले कोष खारेज गरी कोभिड रोकथाममा लगानी बढाउनुपर्ने निर्णय गऱ्यो । लगातारको दबाबपछि सो कार्यक्रम आ.व. २०७८/७९ को वार्षिक बजेटमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले विनियोजन नगरेपछि जेठ १५, २०७८ देखि खारेज भयो ।

संघमा खारेज भए पनि मधेश प्रदेश सहित देशका धेरैजसो प्रदेशले भने सो कार्यक्रम अझै जारी राखेका छन् । मधेश प्रदेशले आ.व. २०७९/८० मा २ अर्ब ३५ करोड रुपियाँ बजेट विनियोजन गरी कार्यान्वयन गर्न जिल्ला-जिल्लामा रहेका पूर्वाधार विकास कार्यालयलाई पत्राचार पनि गरिसकेको थियो । तर, प्रदेश र प्रतिनिधि सभा निर्वाचन २०७९ मा प्रदेश

सांसदको योजनाले चुनावमा प्रभाव पार्ने भन्दै निर्वाचन आयोगले आचार संहिता लागु गरी कार्यक्रमको कार्यान्वयनमा केही समयलाई रोक लगाइदियो ।

यो राष्ट्रिय महत्त्वको विषयमा केही सर्वेक्षण अध्ययन भए पनि र सञ्चार माध्यममा विभिन्न विचारहरू प्रकट भए पनि स्थानीय स्तरका तथ्य र तथ्यांकका आधारमा अध्ययन भएको देखिँदैन । यो अध्ययनले सिरहा जिल्लाका चार निर्वाचन क्षेत्रका चार जना सांसदले सांसद विकास कोषबाट तीन वर्षमा ५६ करोड रुपियाँको योजना निर्माण गरेको विषयलाई केन्द्रित गरेर कोषको योजना छनोटदेखि कार्यान्वयनको अवस्था र त्यस भित्रको रहस्यहरूको उद्घाटन गर्ने कोसिस गरेको छ । अध्ययनका लागि कोषको सम्बन्धमा भएका नीतिगत निर्णयका माइन्यूटको अध्ययन र सम्बन्धित व्यक्ति/पदाधिकारीहरूसँग गरिएको अन्तर्वार्ताको माध्यमबाट तथ्यांक र सूचना संकलन गरिएको थियो ।

लेखको पहिलो खण्डमा सांसद विकास कोषको छोटो परिचय दिइएको छ, जसमा सांसद विकास कोष के हो, यो कहिलेदेखि कसरी लागु भयो र यसको सञ्चालन कार्यविधि एवं सांसदको भूमिका के हो भन्ने जानकारी छ । दोस्रो खण्डमा मधेश प्रदेश र त्यसमा पनि सिरहा जिल्लालाई केन्द्रित गरी सांसद विकास कोषका योजनाहरू कसरी कार्यान्वयन भइरहेका छन् भन्ने विषयको फेहरिस्त प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा सांसद विकास कोषबारे आम बुझाइ र त्यसमा देखा परेका समस्याले कस्तो असर पार्न सक्छ भन्ने विश्लेषण गरिएको छ भने अन्तमा निष्कर्ष छ ।

सांसद विकास कोष

जनप्रतिनिधि मार्फत विकास बजेट खर्च गर्ने चलन पञ्चायत कालमै शुरूआत भएको हो । त्यस बेला विधायिकाको रूपमा राष्ट्रिय पञ्चायत थियो, जसमा जिल्लाबाट निर्वाचित ११२ जना र राजाबाट मनोनीत २८ जना गरी १४० जना राष्ट्रिय पञ्चायत सदस्यहरू थिए । तिनीहरूका लागि २०४१ सालमा "राष्ट्रिय पञ्चायत सदस्य विशेष कार्यक्रम" अन्तर्गत ५ करोड विनियोजन भएको थियो, र भदौ १ देखि चैत मसान्त २०४१ सम्म ३ करोड २१ लाख ६२ हजार ८ सय निकासा गरिएको थियो ।[१]

त्यस बेला राष्ट्रिय पञ्चायत सदस्यहरूबीच बराबरीमा त्यो रकम वितरण गरिएको थिएन । प्रभावशाली र सत्तारूढ पञ्चहरूले आफ्नो जिल्लामा बढी रकम लैजाने होड चलाएका थिए । यसले पञ्चहरू बीचमा फाटो ल्याउन काम गऱ्यो । त्यस बेला राष्ट्रिय पञ्चायत सदस्य भद्रा घले ग्यालरी बैठक अघिल्तिर एक साता अनसन बसेकी थिइन् ।

[१] *ईकागज* अनलाइनका सम्पादक हरिबहादुर थापासँग असोज २७, २०७९ मा गरिएको कुराकानीका क्रममा उहाँले उपलब्ध गराउनुभएको तथ्यांक ।

लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारले पक्षपात हुन नदिने आश्वासन सहित घलेको अनसन तोडाएका थिए ।

२०४६ सालको परिवर्तनपछि बहुदलीय व्यवस्थामा सांसदहरू विधि र नीति-निर्माणमा मात्र केन्द्रित नभई विकासका काममा पनि संलग्न हुन चाहेको देखिन्छ । सांसदले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि बजेटको व्यवस्था गर्न सरकारलाई दबाब दिने उद्देश्यले भदौ २०५० मा संसद्को अर्थ समितिले "निर्वाचन क्षेत्र बजेट" को बहस चलाएको थियो ।[२] सांसदहरूको दबाबपछि असार ३१, २०५१ मा सार्वजनिक भएको बजेटमा पहिलो पटक निर्वाचन क्षेत्र बजेट छुट्ट्याइएको पाइन्छ । उक्त बजेट प्रस्तुत हुँदा प्रतिनिधि सभा विघटित अवस्थामा थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले असार २६, २०५१ मा प्रतिनिधि सभा विघटन गरेका थिए । उक्त बजेट वक्तव्यमा भनिएको थियो :

> प्रतिनिधि सभाका माननीय सांसदहरूको भावना तथा आफ्नो क्षेत्रको विकास निर्माणमा रहेको जिम्मेवारीलाई मनन गर्दै चालू आर्थिक वर्षको बाँकी अवधिका लागि प्रत्येक सांसदको निर्देशनमा आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माण गर्ने गरी रु. २ लाख ५० हजारका दरले रु. ५ करोड १२ लाख ५० हजारको बजेट विनियोजन गरेको छु । यो रकम जिल्ला विकास कोषमा उपलब्ध गराई खर्च गर्ने व्यवस्था मिलाइनेछ । सो रकमको हरहिसाब र लेखापरीक्षणको व्यवस्था जिल्ला विकास समितिबाट हुनेछ । (अर्थ मन्त्रालय २०५१ : ३१९)

कात्तिक २०५१ को मध्यावधि निर्वाचनपछि मंसिर १४, २०५१ मा प्रतिनिधि सभामा ठूलो दलको हैसियतले नेकपा एमालेको अल्पमतको सरकार बन्यो । नेकपा एमालेको सरकारमा मनमोहन अधिकारी प्रधानमन्त्री र भरतमोहन अधिकारी अर्थमन्त्री थिए । मनमोहन अधिकारी विरुद्ध अविश्वास प्रस्ताव दर्ता भएपछि प्रतिनिधि सभा भंग भयो । त्यसपछि काम चलाउ सरकारका अर्थमन्त्री भरतमोहन अधिकारीले असार २७, २०५२ मा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बजेट घोषणा गरेका थिए । उक्त बजेटमा भनिएको थियो :

> प्रतिनिधि सभाका सांसदहरूलाई स्थानीय विकास निर्माणमा प्रत्यक्ष सहभागी तुल्याउन सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रमा आफैले स्वीकृत गरेको योजना रकम

[२] नेपालभन्दा बाहिर कतिपय देशहरूमा यस्तो चलन छ । छिमेकी मुलुक भारतमा संघमा एक पटक यस्तो कार्यक्रम ल्याइएको थियो भने केही प्रदेशमा अझै छ । एक तथ्यांक अनुसार छिमेकी मुलुक भारतसँगै २३ ओटा देशमा यस्तो कार्यक्रम सञ्चालनमा आएको छ । जसमा अधिकांश गरिब मुलुक रहेका छन् । हेर्नुहोस् https://internationalbudget.org/publications/brief10/

> खर्च गर्नको लागि चालू आर्थिक वर्षमा २०५ निर्वाचन क्षेत्रको प्रत्येक निर्वाचन क्षेत्रका लागि रु. २ लाख ५० हजार व्यवस्था गरिएकामा आगामी आर्थिक वर्ष राष्ट्रिय सभाका सांसदहरू समेत गरी २६५ सांसदहरूका लागि प्रति सांसद रु. २ लाख ५० हजारका दरले रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसका लागि बजेटमा रु. ६ करोड ६२ लाख ५० हजारको व्यवस्था गरिएको छ । जिल्लाको विकासमा जिल्ला विकास समितिहरूले खेल्न सक्ने महत्त्वपूर्ण भूमिकालाई मनन गरी जिल्ला विकास समितिलाई दिइने अनुदानमा रु. ५७ करोड विनियोजन गरिएको छ । अधिराज्यका अति पिछडिएका २२ ओटा जिल्लाहरूमा बसोबास गर्ने जनतालाई राष्ट्र निर्माणको मूल प्रवाहमा समाहित गर्न दुर्गम क्षेत्र विकास कार्यक्रमलाई अझ व्यापक गर्दै लग्ने व्यवस्था मिलाइएको छ । (अर्थ मन्त्रालय २०५२ : ३४८)

प्रतिनिधिसभा पनि २०५८ सालमा विघटन भयो । वि.सं. २०५९ मा निर्वाचित स्थानीय प्रतिनिधिहरूको म्याद सकियो र स्थानीय निकाय कर्मचारीतन्त्रले सञ्चालन गर्न थाले । २०६२/६३ सालको जनआन्दोलन र संसद्को पुनर्गठनपछि यो कार्यक्रम पुनः शुरू भयो ।

हरेक वर्ष बजेट निर्माण हुँदै गर्दा सांसदहरूले सरकारसँग सांसद विकास कोषको रकम बढाउन मोलमोलाइ गरे, र बर्सेनि एकपछि अर्को सरकारले कोषको रकम बढाउँदै लगे । २०६४ सालको संविधानसभा निर्वाचनपछि सांसद विकास कोषको रकम प्रतिसभासद १० लाख पुऱ्याइएको थियो । प्रत्यक्ष निर्वाचित सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रमै कार्यक्रम लागु गर्नुपर्थ्यो भने, समानुपातिक सांसदहरूले आफ्नो रोजाइको जिल्लामा यो कार्यक्रम गर्न सक्थे । जेठ १४, २०६९ मा पहिलो संविधानसभा विघटनपछि स्थगित भएको कार्यक्रम २०७० सालमा दोस्रो संविधानसभाको निर्वाचनपछि "निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम" नामबाट पुनः शुरू गरिएको थियो । प्रत्येक निर्वाचन क्षेत्रलाई एक करोड पन्ध्र लाख रुपियाँ बजेट विनियोजन गरिएको थियो भने प्रत्यक्ष निर्वाचित सांसदको प्रस्तावमा खर्च हुने व्यवस्था थियो । समानुपातिकबाट छानिएका सांसदको लागि भने १५ लाख रुपियाँ बजेट थियो । त्यस पछिका वर्षहरूमा प्रत्यक्ष निर्वाचित सांसदका लागि ३ करोड र समानुपातिकबाट छानिएका सांसदका लागि ५० लाखसम्म बजेट पुऱ्याइएको थियो ।

वि.सं. २०७२ मा नयाँ संविधान जारी भएपछि २०७४ सालमा तीन तहको सरकारको निर्वाचन भयो । स्थानीय विकास कार्यक्रमहरूको जिम्मेवारी स्थानीय तहलाई दिइयो । यस बाहेक, संविधानले संघीय शासन प्रणाली स्थापना गऱ्यो । प्रतिनिधिसभातर्फ प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी २७५ जना सांसद चयन भए । संसद् र नागरिक समाज दुवैमा यो नयाँ प्रणालीभित्र केन्द्रीकृत सांसद विकास कोष अझै पनि अर्थपूर्ण छ कि छैन

भन्ने विषयमा छलफल भएका थिए । तर, सांसदहरूको दबाबले कार्यक्रमलाई निरन्तरता मात्रै दिएन, विस्तार पनि गऱ्यो । "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम" को नयाँ नाममा प्रत्येक प्रत्यक्ष निर्वाचित सांसदले रु. ४ करोडको बजेटमा पहुँच राखेका थिए, जुन २०७६ सालमा अझ बढेर रु. ६ करोड पुगेको थियो, यद्यपि सांसदहरूको माग यो बजेट बढाएर रु. १० करोड पुऱ्याइनुपर्छ भन्ने थियो ।

वि.सं. २०७४ मा प्रतिनिधि सभा निर्वाचन पछिको नयाँ संसद्ले आ.व. २०७५/७६ देखि सांसद विकास कोषलाई निरन्तरता दिन बजेट विनियोजन गऱ्यो । बजेटमा १६५ ओटै निर्वाचन क्षेत्रलाई समान रूपमा चार-चार करोड हुने गरी सरकारले ६ अर्ब ६० करोड रुपियाँ विनियोजन गऱ्यो । आ.व. २०७६/७७ मा एक जना सांसदलाई ६ करोडको दरले सरकारले ९ अर्ब ९० करोड रुपियाँ विनियोजन गऱ्यो । आ.व. २०७७/७८ मा त्यसलाई घटाएर प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्रका लागि ४ करोड छुट्ट्याइयो र कुल १६५ प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रका लागि ६ अर्ब ६० करोड रुपियाँ बजेट विनियोजन गरियो । यसरी तीन आर्थिक वर्षमा एक निर्वाचन क्षेत्रमा १४ करोडको दरले १६५ निर्वाचन क्षेत्रमा २३ अर्ब १० करोड रुपियाँ विनियोजन भएको छ (हेर्नुहोस्, तालिका १) ।

तालिका १ : सांसद विकास कोषको लागि प्रतिसांसद विनियोजित रकम

आर्थिक वर्ष	विनियोजित रकम	अर्थमन्त्री
२०५१/५२	२ लाख ५० हजार	भरतमोहन अधिकारी
२०७०/७१	१० लाख	शंकर प्रसाद कोईराला
२०७१/७२	१ करोड १५ लाख (प्रत्यक्ष निर्वाचित सांसदका लागि) १५ लाख (समानुपातिक तर्फका सांसदका लागि)	रामशरण महत
२०७२/७३	१ करोड ५० लाख (प्रत्यक्ष) २० लाख (समानुपातिक)	रामशरण महत
२०७३/७४	३ करोड (प्रत्यक्ष) ५० लाख (समानुपातिक)	विष्णु पौडेल
२०७५/७६	४ करोड (प्रत्यक्ष)	युवराज खतिवडा
२०७६/७७	६ करोड (प्रत्यक्ष)	युवराज खतिवडा
२०७७/७८	४ करोड (प्रत्यक्ष)	विष्णु पौडेल

स्रोत : सम्बन्धित वर्षहरूका बजेट वक्तव्य (हेर्नुहोस्, अर्थ मन्त्रालय २०७१ : २८–२९, २०७२ : २०; २०७३ : ४६; २०७५ : २१; २०७६ : ५०–५१ र २०७७ : ६२–६३) ।

नयाँ संविधानले नयाँ नेतृत्व चयन गरेपछि आम नागरिकले देशमा समृद्धि र सुशासन हुने अपेक्षा गरेका थिए । जनताको चाहनालाई निर्वाचित सांसद र प्रदेश सभाका सांसदले मलजल गर्नुपर्ने थियो । तर, त्यसो देखिएन । कानून बनाउने, सरकार बनाउने सांसदहरू सांसद विकास कोषको वरिपरि घुम्न थाले । अर्थात्, कानून बनाउन व्यापक छलफल गर्ने, देशलाई आवश्यक पर्ने आन्तरिक र परराष्ट्रसँग सम्बन्धित कानून दुरुस्त गर्नुपर्ने सांसदहरू आफ्नो गाउँघरमा विकास गर्ने नाउँमा स्थानीय स्तरमा सक्रिय हुन थाले । जसले गर्दा सांसदको नाउँमा दिइने रकमको व्यापक दुरुपयोगको गुनासो यत्रतत्र फैलियो ।

योजना छनोटको कार्यविधि र सांसदको भूमिका

नयाँ संविधान २०७२ जारी भएपछि गठन भएको प्रतिनिधि सभामा शुरूको वर्षमा सांसदलाई दिइने बजेट "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली २०७५" मार्फत सञ्चालन भएको थियो । त्यस नियमावलीका प्रावधानले निर्वाचित सांसदलाई सर्वाधिकार दिएको दियो । त्यससँगै केही जिम्मेवारी स्थानीय सरकारलाई दिइएको थियो । "परामर्श समिति" मा सम्बन्धित निर्वाचन क्षेत्रका प्रत्यक्ष निर्वाचित सांसद संयोजक रहने व्यवस्था थियो । समितिका सदस्यहरूमा समानुपातिकतर्फ निर्वाचित सांसद, राष्ट्रिय सभामा निर्वाचित र मनोनीत सांसद, प्रदेश सभाका सांसद, जिल्लाका समन्वय समितिका प्रमुख र उपप्रमुख, र स्थानीय तहका प्रमुख रहने व्यवस्था गरियो । यही समितिले बजेटबाट निर्वाचन क्षेत्रमा सञ्चालन गर्ने योजना छनोट गर्थ्यो ।

त्यसै गरी, नियमावली २०७६ को नियम ३ मा पनि परामर्श समितिको संयोजकमा प्रत्यक्ष निर्वाचित सांसद रहने व्यवस्था छ । नियमावली २०७७ मा कार्यक्रम बनाएर सो कोष सञ्चालन गर्नुपर्ने उल्लेख छ । सो नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार "कार्यक्रम परामर्श समिति" को बैठक बस्छ, कार्यक्रम निर्देशक समितिको बैठकको नेतृत्व सम्बन्धित प्रत्यक्ष निर्वाचित सांसदले गर्छ, र समितिले छलफल र परामर्श गरी योजना छनोट गर्छ ।

योजना छनोट भएपछि त्यसको कार्यान्वयन गराउने जिम्मेवारी जिल्ला समन्वय समितिको मातहतमा आउँछ । जिल्ला समन्वय समितिले योजना तथा कार्यक्रम रहेको स्थानीय तहलाई योजना कार्यान्वयन गर्न बजेट सिलिङ सहित पत्राचार गर्छ । त्यसपछि सम्बन्धित स्थानीय तहले टेन्डर प्रक्रिया अपनाउने खालका योजना भए त्यस अनुसार र नभए उपभोक्ता समिति गठन गरी कार्यान्वयन प्रक्रियालाई अगाडि बढाउँछ ।[३]

[३] कालोपत्रे गर्ने, डीप बोरिङ जडान गर्ने जस्ता पक्की संरचना, जसमा ठूला उपकरणहरूको प्रयोग गरी निर्माण कार्य गर्नुपर्ने हुन्छ, त्यस्तोमा टेण्डर प्रक्रिया अपनाइने गरिन्छ । उपभोक्तालाई सहज हुनसक्ने खालका योजना जस्तै, सामुदायिक भवन, कच्ची सडक, माटो/ग्राभेल, पर्खाल निर्माण, सिँचाइ, आदि

नियमावलीमा रहेको बैठक सम्बन्धी व्यवस्थामा सांसदहरूको असन्तुष्टि रहन्थ्यो । वर्षमा कम्तीमा तीन पटक संयोजकले तोकेको मिति र स्थानमा हुने भनिएको बैठकमा कुनै सदस्यको अनुपस्थितिका कारणले समितिको काम-कारवाहीमा बाधा पुग्ने छैन भन्ने उल्लेख छ । नियम ७(४) बमोजिम बैठकको काम-कारवाही सर्वसम्मतिबाट हुने उल्लेख गरिएको छ, तर सर्वसम्मति हुन नसकेमा संयोजकको निर्णय नै अन्तिम हुने भनिएको छ ।

नियमावलीमा भएका प्रक्रियाहरू सांसदहरूले सतही रूपमा मात्र लिने गरेका छन् । योजना छनोटमा प्रत्यक्ष निर्वाचित सांसदको मुख्य भूमिका रहने गरेको पाइन्छ, र उनीहरूले आफू अनुकूल योजना छनोट गर्दै आइरहेका छन् । उपभोक्ता समिति गठनमा पनि प्रत्यक्ष निर्वाचित सांसदको दलका कार्यकर्ताको भूमिका बढी रहने गरेको छ । योजना छनोटमा व्यापक छलफल नहुँदा असहमति पनि देखिन थालेका थिए ।

सिरहामा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

मधेश प्रदेशको नीति तथा योजना आयोगले २०७७ मा *मधेश प्रदेशको प्रदेश पार्श्वचित्र २०७७* सार्वजनिक गरेको छ (नीति तथा योजना आयोग २०७७) । सो प्रदेशको पञ्चवर्षीय योजनाको आधारपत्र अनुसार मधेश प्रदेशको बहुआयामिक गरिबी दर ४७.९ प्रतिशत छ, जुन नेपालको बहुआयामिक गरिबी दर २८.६ प्रतिशतको तुलनामा दोस्रो नम्बरमा पर्छ ।[४] आर्थिक गरिबी दर प्रदेशमा २७.७ प्रतिशत छ, जुन नेपालको समग्र आर्थिक गरिबी (२५.२%) को तुलनामा तेस्रो नम्बरमा पर्छ । मानव विकास सूचकांकमा यो प्रदेश पुछारमा छ । समग्र नेपालको मानव विकास सूचकांक ०.४९० रहे पनि मधेश प्रदेशको सूचकांक ०.४२१ छ । पञ्चवर्षीय योजनाको आधारपत्रमा २७.७ प्रतिशत गरिबीलाई आगामी पाँच वर्षमा २१ प्रतिशतमा झार्ने लक्ष्य छ । मधेश प्रदेशमा आर्थिक वृद्धि दर २.३ प्रतिशत मात्र छ ।

मधेश प्रदेशको जनसंख्या ५४,०४,१४५ छ । १५–४९ उमेर समूहका महिलामध्ये ५८ प्रतिशत रक्तअल्पताबाट पीडित छन् भने ३६.८ प्रतिशत शिशुहरू कम तौलका जन्मिने गर्छन् । कर्णाली प्रदेशपछि मधेश प्रदेशमा कुपोषणको समस्या धेरै छ । ठूलो जनसंख्या रहेको यस प्रदेशमा १३ ओटा मात्र ठूला सरकारी अस्पताल छन् भने ४,१३७ ओटा विद्यालय

काम उपभोक्ता समिति गठन गरी त्यस मार्फत गर्ने प्रावधान छ । उपभोक्ता समिति मार्फत एक करोड रुपियाँसम्म बजेट भएका योजना कार्यान्वयन गर्नसक्ने भए पनि ठूला मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने वा नपर्ने विषयको निक्यौंल गरी टेण्डर लगाउने वा नलगाउने भन्ने निर्णय गरिन्छ । सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवसँग पुस १३, २०७९ मा गरिएको कुराकानीमा आधारित ।

[४] गाँस, बास, कपासको समस्या र बिरामी हुँदा उपचार गराउन नसक्ने अवस्थालाई बहुआयामिक गरिबीको सूचीमा राखिएको छ ।

छन् । विद्यालय जाने उमेरका बच्चाहरूमध्ये यस प्रदेशमा आधा मात्र विद्यालयमा भर्ना हुने गरेका छन् । मुलुकको समग्र साक्षरता दर ६५.९५ प्रतिशत रहेकोमा मधेश प्रदेशको साक्षरता दर ४९.५४ प्रतिशत मात्र छ (नीति तथा योजना आयोग २०७७ : ९७) । बेरोजगारीका कारण मधेश प्रदेशका २४.२ प्रतिशत युवाहरू खाडी मुलुक, मलेसिया जस्ता देशहरूमा श्रमका लागि पुग्ने गरेका छन् । सिँचाइ सुविधा नहुँदा र मलखादको उचित व्यवस्था नहुँदा कृषि उत्पादन राम्रो छैन ।

मधेश प्रदेशका आठ जिल्लामा प्रतिनिधि सभाका ३२ निर्वाचन क्षेत्र पर्छन् । आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ मा ३२ निर्वाचन क्षेत्रमा ४ अर्ब ४८ करोड रुपियाँ विनियोजन भएको देखिन्छ । प्रत्येक जिल्लामा चार-चार ओटा निर्वाचन क्षेत्र भएकाले एक जिल्लामा तीन आर्थिक वर्षमा ५६ करोड रुपियाँको योजना परेको छ ।

सिरहा जिल्लामा चार प्रतिनिधि सभा निर्वाचन क्षेत्र र आठ प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन् । त्यसै गरी, ९ गाउँपालिका र ८ नगरपालिका गरी १७ स्थानीय तह रहेका छन् । सिरहा जिल्लाका १७ स्थानीय तहमा जम्मा १६४ वडा छन् । सिरहामा ४३.८६ प्रतिशत गरिबी छ, जस अनुसार मधेश प्रदेशमा यो जिल्ला तेस्रो गरिबमा पर्दछ । सिरहाको मानव विकास सूचकांक ०.४०८ छ, जुन सप्तरी पछिको हो । यसले मधेश प्रदेश र सिरहा जिल्लाको बहुआयामिक गरिबी, साक्षरता, स्वास्थ्य, रोजगारको अवस्थामा नाजुक देखाउँछ ।

यस खण्डमा सिरहा जिल्लाको चार निर्वाचन क्षेत्रमा योजना छनोटदेखि कार्यान्वयनको अवस्थाको अध्ययन-अनुसन्धान र विश्लेषण गरिएको छ । मंसिर १० र २१, २०७४ गरी दुई चरणमा भएको प्रदेश र प्रतिनिधि सभा निर्वाचन अन्तर्गत सिरहा जिल्लाबाट प्रत्यक्षतर्फ चार जना र समानुपातिकतर्फ पाँच जना प्रतिनिधि सभा सदस्य भएका थिए ।

प्रत्यक्षतर्फ चार निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं. १ मा नेपाली काँग्रेसबाट प्रदीप गिरि (हाल दिवंगत), क्षेत्र नं. २ मा नेकपा माओवादी केन्द्रबाट सुरेशचन्द्र दास यादव, क्षेत्र नं. ३ मा नेकपा एमालेबाट लीलानाथ श्रेष्ठ र क्षेत्र नं. ४ मा राष्ट्रिय जनता पार्टी (हाल जनता समाजवादी पार्टी नेपाल) बाट राजकिशोर यादव निर्वाचित भए । समानुपातिकतर्फ क्षेत्र नं. १ मा नेपाली काँग्रेसबाट पद्मनारायण चौधरी, संघीय समाजवादी फोरम (हाल जनता समाजवादी पार्टी नेपाल) बाट सरिता गिरि, राष्ट्रिय मधेश सद्भावना पार्टी (हाल लोकतान्त्रिक समाजवादी पार्टी नेपाल) बाट निर्जला राउत; क्षेत्र नं. २ मा नेपाली काँग्रेसबाट चित्रलेखा यादव; र क्षेत्र नं. ३ मा नेपाली काँग्रेसबाट सीतादेवी यादव प्रतिनिधि सभा सदस्य भए ।

प्रदेश सभातर्फ सिरहा क्षेत्र नं. १क मा लगनलाल चौधरी (नेकपा एमाले), १ख मा अशोककुमार यादव (नेकपा एमाले, हाल नेकपा एकीकृत समाजवादी) चुनिए । त्यसै गरी, क्षेत्र नं. २क मा विजयकुमार यादव (संघीय समाजवादी पार्टी, हाल जनता समाजवादी पार्टी नेपाल), २ख मा मदनसेन प्रसाद श्रीवास्तव (नेकपा एमाले, हाल नेकपा एकीकृत

समाजवादी) निर्वाचित भएका थिए । क्षेत्र नं. ३क मा रामकुमार यादव (नेकपा माओवादी केन्द्र), ३ख मा प्रमोदकुमार यादव (नेकपा एमाले, हाल नेकपा एकीकृत समाजवादी) निर्वाचित भए । त्यसै गरी, क्षेत्र नं. ४क मा दिलिप साह (नेकपा माओवादी केन्द्र) र ४ख मा सुरेशकुमार मण्डल (राष्ट्रिय जनता पार्टी नेपाल, हाल जनता समाजवादी पार्टी नेपाल) प्रत्यक्षतर्फ निर्वाचित भएका थिए ।

प्रदेशमा समानुपातिकतर्फ भने नरेश यादव (नेपाली काँग्रेस), सुनिता राम (जनता समाजवादी पार्टी नेपाल), फुलियादेवी सदा (नेकपा माओवादी केन्द्र) जगतारैनदेवी सुडिन (नेकपा एमाले) र जगतप्रसाद यादव (नेकपा माओवादी केन्द्र) सांसद भए ।

योजनाको प्राथमिकता र छनोटमा देखिएका विवाद

सिरहा जिल्लामा तीन आर्थिक वर्षमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत ५६ करोडको योजना कार्यान्वयनमा आएको छ । आ.व. २०७५/७६ मा ६५, आ.व. २०७६/७७ मा ८७ र आ.व. २०७७/७८ मा १०० गरी २५२ योजना कार्यान्वयनमा आएको छ । ५६ करोडमा २५२ योजना कार्यान्वयनमा आउनुले योजना खुद्रे र कार्यकर्तामुखी भएको प्रस्ट पार्छ (हेर्नुहोस्, तालिका २) ।

तालिका २ : सिरहामा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र विनियोजित रकम

सांसदको नाम	रकम (रु. करोडमा)	योजना संख्या
प्रदीप गिरि	१४	७९
सुरेश चन्द्र दास यादव	१४	७१
लीलानाथ श्रेष्ठ	१४	३८
राजकिशोर यादव	१४	६४
जम्मा	**५६**	**२५२**

स्रोत : जिल्ला समन्वय समितिको बैठकको माइन्यूट ।

तीन वर्षमा सिरहा जिल्लामा कार्यान्वयनमा आएका योजनामध्ये सबैभन्दा बढी रकम क्रमशः कृषि, सिँचाइ, र विद्युतीकरण; सामुदायिक भवन; र सडक निर्माणमा विनियोजन भएको देखिन्छ । त्यसपछि क्रमशः मठ मन्दिर, मस्जिद निर्माण; शिक्षा; र स्वास्थ्यमा विनियोजन भएको छ (हेर्नुहोस्, तालिका ३) ।

तालिका ३: सिरहामा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा छानिएका योजना र विनियोजित रकम

योजनाको किसिम	योजना संख्या	रकम (रु.)
कृषि, सिँचाइ, विद्युतीकरण	५०	१७,४२,५०,०००
सामुदायिक भवन	४५	६,१०,००,०००
सडक, माटो/ग्राभेल पुर्ने	५२	१४,५७,००,०००
मठ मन्दिर, मस्जिद निर्माण	११	१,२९,००,०००
शिक्षा क्षेत्र	११	१,६७,००,०००
स्वास्थ्य क्षेत्र	४	७७,००,०००

स्रोत : जिल्ला समन्वय समितिको बैठकको माइन्यूट ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको योजना छनोटमा सिरहामा लगातार असहमति भएको छ । कार्यक्रम परामर्श समितिको बैठक बसे पनि प्रत्यक्ष निर्वाचित सांसदले आफूखुसी योजना लाद्न खोजेपछि समितिका सदस्य समानुपातिक तर्फका सांसदले सिरहामा असहमति दर्ता गराए । सिरहा निर्वाचन क्षेत्र नं. ३ का सांसद लीलानाथ श्रेष्ठले आ.व. २०७५/७६ मा आफ्नो पार्टी (तत्कालीन नेपाल कम्युनिस्ट पार्टी-नेकपा, हाल नेकपा एमाले) का कार्यकर्ताको खेतबारीमा पर्ने जग्गाको कित्ता उल्लेख गरी "कृषि सिँचाइको लागि बोरिङ जडान तथा मोटर पम्प जडान" योजना अगाडि सारेका थिए । सोको विरोधमा नेपाली काँग्रेसकी सांसद सीतादेवी यादवले "सरकारी बजेट विनियोजन व्यक्तिको नाममा पूर्वाग्राही रूपमा भएकोमा मेरो असहमति छ" भन्दै कात्तिक ३०, २०७५ मा असहमति जनाइन् ।[५]

यस्तै, आ.व. २०७६/७७ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली २०७६ को नियम ५ बमोजिम कार्यक्रम निर्देशक समितिको बैठक समितिका संयोजक रहेका तिनै सांसद लीलानाथ श्रेष्ठको संयोजकत्वमा कात्तिक ३०, २०७६ मा बसेको थियो । त्यस बैठकले सिरहा निर्वाचन क्षेत्र नं. ३ मा विशेष गरी खानेपानी र सिँचाइको लागि योजना छनोट गरेको थियो । उक्त आर्थिक वर्षमा सञ्चालन गरिने योजना निर्देशिका विपरीत भएको ठहर गर्दै सांसद यादवले पुनः आफ्नो असहमति दर्ज गर्दै लेखेकी छिन्, "योजनाहरू नियम बमोजिम निर्देशिका अनुसार नभएकोमा मेरो असहमति छ ।"[६]

[५] जिल्ला समन्वय समिति सिरहाको सो दिनको बैठकको माइन्यूट ।

[६] जिल्ला समन्वय समिति सिरहाको उक्त दिनको बैठकको माइन्यूट ।

आफन्तलाई ठेक्कादेखि पार्टीका नेता कार्यकर्तालाई उपभोक्ता समितिसम्म

यो उप-खण्डमा सिरहा जिल्लाका चार ओटै निर्वाचन क्षेत्रमा तीन वर्षमा भएको कोषको रकम परिचालनको चर्चा गरिएको छ । प्रत्यक्ष निर्वाचित सांसदहरूले छनोट गरेका योजनामध्ये उदाहरणका निम्ति एक-एक ओटा योजनाको चर्चा गरिएको छ ।[७]

सिरहा क्षेत्र नं. १ बाट नेपाली काँग्रेसबाट निर्वाचित सांसद प्रदीप गिरिले तीन वर्षमा ७९ योजना छनोट गरे । आ.व. २०७५/७६ मा सखुवानन्कारकट्टी गाउँपालिकामा दुई ओटा योजना राखिए । सो गाउँपालिकाको पटनादेखि लतियाही मधुवनी जाने बाटो स्तरोन्नति गर्न २० लाख र कल्याणपुर सम्मको बलान खोला नियन्त्रण गर्न १० लाख रुपियाँ विनियोजन गरियो । सडक स्तरोन्नतिको कार्य फाटफुट रूपमा भए पनि आन्तरिक विवादले बलान खोला नियन्त्रणको काम भएन, र रकम फिर्ता भयो ।

सांसद गिरिले आ.व. २०७६/७७ मा सखुवानन्कारकट्टी गाउँपालिकामा फेरि दुई ओटा योजना छनोट गरे । वडा नं. ५ मा रहेको जनता माध्यमिक विद्यालयको भवन निर्माणमा ५० लाख रुपियाँ र वडा नं. २ मा शहीद असर्फी यादवको नाउँमा द्वार निर्माणमा १० लाख रुपियाँ विनियोजन गरियो । उपभोक्ता समिति गठनमा विवाद हुँदा विद्यालयको भवन निर्माण हुन सकेन र बजेट फ्रीज भयो । द्वार निर्माणमा नेपाली काँग्रेस पार्टीकै सखुवानन्कारकट्टी गाउँपालिका सभापति बालकृष्ण यादव उपभोक्ता समितिका अध्यक्ष बने । उनै यादवले द्वार निर्माणको कार्य गरेको सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्ष केदारनाथ यादवले बताए ।

सांसद गिरिले आ.व. २०७७/७८ मा सखुवानन्कारकट्टी गाउँपालिकामा एउटा योजना मात्र छनोट गरे । वडा नं. १ को भोर गाउँमा रहेको रामजानकी मन्दिर मर्मत सम्भार र बाउण्ड्री वाल निर्माण गर्न १० लाख रुपियाँ विनियोजन गरे । त्यो योजनामा काम फाटफुट भयो । गाउँपालिका अध्यक्ष यादवले आफै योजना सञ्चालन गर्न उपभोक्ता समिति गठन

[७] सांसदहरूले छनोट गरेका यी योजनाका विवरण जिल्ला समन्वय समितिमा रहेको बैठकका माइन्यूटबाट प्राप्त गरिएको हो । माइन्यूटमा रहेको योजनाको कार्यान्वयनको जिम्मेवारी स्थानीय तहलाई दिइएको पाइयो । त्यसपछि सम्बन्धित स्थानीय तहहरू सिरहा नगरपालिका, अर्नामा गाउँपालिका, बरियारपट्टी गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका, कर्जन्हा नगरपालिकासँग योजना कार्यान्वयनको सम्बन्धमा जानकारी लिन स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग कुराकानी गरिएको थियो । ती कुराकानीपछि योजना कार्यान्वयनको सम्बन्धमा पाएको जानकारीलाई पुष्टि गर्न माथि उल्लेख गरिएका स्थानीय तहहरूमा सञ्चालित योजना निर्माण स्थलमा अवलोकन गरिएको थियो । योजना कार्यान्वयनको अवस्थालाई हेर्दा र माइन्यूटमा भएको योजनाको छनोट अनुसार काम भए-नभएको साथै, तोकिएको र आवश्यक ठाउँमा योजना सञ्चालन भए-नभएको हेरिएको थियो ।

गरेकाले त्यसको कार्यान्वयनमा गाउँपालिका संलग्न रह्यो । "केही योजनामा उपभोक्ता समिति गठन गर्न पार्टीकै कार्यकर्ताबीच विवाद भयो," अध्यक्ष यादवले भने, "जसले गर्दा आएका बजेट पनि फ्रीज भयो ।"[८]

योजना छनोटमा पनि विभेद भएको पाइएको छ । तीन आर्थिक वर्षमा ७९ योजना छनोट गर्दा सबैभन्दा बढी सुगम रहेको लहान नगरपालिकाभित्रै ५४ ओटा योजना रहेको पाइयो । लक्ष्मीपुर पतारी गाउँपालिकामा नौ, भगवानपुर गाउँपालिकामा पाँच, सखुवानन्कारकट्टी गाउँपालिकामा पाँच, र धनगढीमाई नगरपालिकामा चार योजना रहेको थियो ।

सिरहा क्षेत्र नं. २ का नेकपा माओवादी केन्द्रबाट निर्वाचित सांसद सुरेशचन्द्र दासले तीन आर्थिक वर्षमा ७१ ओटा योजना छनोट गरे । आ.व. २०७६/७७ मा बरियारपट्टी गाउँपालिका-३ बलुवाको त्रिशुला नदीमा कलभर्ट निर्माण गर्न ४० लाख रुपियाँ उनले विनियोजन गरे । कलभर्ट निर्माण गर्न उनले माओवादी केन्द्रकै बरियारपट्टी गाउँपालिका संयोजक रामेश्वर यादवलाई उपभोक्ता समितिका अध्यक्ष बनाए । काम राम्रो नगरिकनै योजना सम्पन्न भएको मानियो ।

आ.व. २०७६/७७ मा बरियारपट्टी गाउँपालिका-३ मै रहेको जनता माध्यमिक विद्यालय (प्राविधिक धार) को द्वार र पर्खाल (कम्पाउण्ड) निर्माण गर्न १२ लाख रुपियाँ विनियोजन गरियो । उक्त योजनाको कार्यान्वयन गर्न पनि सांसद सुरेशचन्द्र दासले माओवादी केन्द्रका बरियारपट्टी गाउँपालिका संयोजक रामेश्वर यादवलाई नै उपभोक्ता समितिको अध्यक्ष बनाए । विद्यालयको अगाडि द्वार बनाउनु जरुरी थिएन, किनभने त्यस विद्यालयका कक्षा १ देखि ३ सम्मका बालबालिका डेस्क-बेन्चको अभावमा भुइँमा कार्पेटमा बसेर पढ्नु परेको छ (हेर्नुहोस्, तस्बिर १) ।

सांसद यादवले आ.व. २०७६/७७ मा गागन नदी नियन्त्रण गर्न २० लाख रुपियाँ विनियोजन गरे । त्यस योजना कार्यान्वयन गर्न माओवादी केन्द्रकै नेता रामसुन्दर यादवलाई उपभोक्ता समितिको अध्यक्ष बनाइदिए । समितिले राम्रोसँग काम नगर्दा बनाएको तटबन्ध भत्किसकेको छ । सोही वर्ष अर्नामा गाउँपालिका-४ को सलहेश मार्गदेखि लट्टाटोलसम्म सडक कालोपत्रे गर्न ४० लाख र वडा नं. ५ को सलहेश मार्गदेखि बलुवाटोल हुँदै रडियाहा हुलाकी सडकसम्म कालोपत्रे गर्न २० लाख गरी ६० लाखको योजना बनाए । वडा नं. ४ को सडक कालोपत्रे गर्न तत्कालीन नेकपा (हाल नेकपा एमाले) का स्थानीय नेता श्रीनारायण यादव र वडा नं. ५ को योजना कार्यान्वयन गर्न सोही पार्टीका स्थानीय नेता परमेश्वर मण्डलको नेतृत्वमा उपभोक्ता समिति गठन भए । श्रीनारायण यादव नेतृत्वको उपभोक्ता समिति गठन गर्न विवाद भएपछि योजना सञ्चालन नहुँदै बजेट फ्रीज भएको अर्नामा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्द सिंहले बताए । परमेश्वर

[८] अध्यक्ष यादवसँग कात्तिक १७, २०७९ मा गरिएको कुराकानी ।

मण्डल नेतृत्वको उपभोक्ता समितिले आफूसँग उपकरणहरू नभएको भन्दै शिव साहलाई निश्चित लाभ पाउने गरी ठेक्का दिए । ठेक्का पाएका साहले ग्राभेल खसाल्न थाले, तर असार मसान्तको समय भएकोले र वर्षा शुरू भएकोले कालोपत्रे गर्ने काम अवरुद्ध भयो । योजना कार्यान्वयन नहुँदा बजेट फ्रीज भयो ।

तस्बिर १ : सिरहा क्षेत्र नं. २ बाट निर्वाचित सांसद सुरेशकुमार दास यादवद्वारा सांसद विकास कोषमार्फत जिल्लाको बरियारपट्टी गाउँपालिका-३ मा रहेको जनता माविमा निर्मित विद्यालयको प्रवेश द्वार ।

सांसद यादवले आ.व. २०७७/७८ अर्नामा गाउँपालिका-५ हुलाकी रोडदेखि रडियाहा किसनपुर बलुवाटोल हुँदै सलहेश मार्गसम्म ग्राभेलिङ गर्ने योजनामा माओवादी केन्द्रका स्थानीय नेता रामसागर दास तत्मालाई उपभोक्ता समितिको अध्यक्ष बनाएका थिए । तर, त्यो योजना कार्यान्वयन नै भएन र ३० लाख रुपियाँ बजेट फ्रीज भयो । समग्रमा, सांसद यादवले तीन आर्थिक वर्षमा गरेको योजना छनोटमा लक्ष्मीपुर पतारी गाउँपालिकामा १, गोलबजार नगरपालिकामा १ र अर्नामा गाउँपालिकामा ३ योजना मात्र दिए । यो एउटा विभेदको नमुना हो ।

सिरहा क्षेत्र नं. ३ मा सांसद तथा पूर्व कानून न्याय तथा संसदीय मामिला मन्त्री लीलानाथ श्रेष्ठले तीन आर्थिक वर्षमा ३८ ओटा योजना छनोट गरे । सांसद श्रेष्ठले आ.व.

२०७५/७६ मा सिरहा नगर क्षेत्र भित्रका तीन ओटा स्थानमा कृषि सिँचाइको लागि बोरिङ जडान गर्ने योजना चयन गरेका थिए। एक करोड ५० लाख रुपियाँमा तीन ठाउँमा (५०/५० लाख रुपियाँ लागत) को योजना बन्यो। सिरहा नगरपालिका वडा नं. १० को नरैहिया, वडा नं. १९ को सन्हैठा र वडा नं. २२ को हकपारामा बोरिङ जडान गर्नुपर्ने थियो। त्यो योजनाको ठेक्का सांसद श्रेष्ठका आफ्नै भाइ श्याम श्रेष्ठ (२०७९ सालको स्थानीय चुनावमा नेकपा एमालेबाट गोलबजार नगरपालिकाको मेयरमा निर्वाचित) को छोरा सुमित श्रेष्ठको नाउँमा घरेलु तथा साना उद्योग कार्यालय लहानमा दर्ता रहेको श्रेष्ठ कन्स्ट्रक्शनले पायो। आ.व. २०७५/७६ मा ठेक्का सम्झौता गरे पनि आयोजना जसोतसो पूरा हुन लामो समय लाग्यो। अहिले पनि सिरहा नगरपालिका-१० को नरैहियामा रहेको डीप बोरिङको योजना अलपत्र छ। स्थानीय र प्रदेश तहको निर्वाचन नजिकिँदै गर्दा गत वैशाख १२ मा सांसद श्रेष्ठले जेनतेन बोरिङ शुरू गर्न भन्दै उद्घाटन गरेका थिए। तर, अहिले पनि बोरिङ शुरू भएको छैन। धान बालीमा यस पटक स्थानीय कृषकहरूले त्यस बोरिङबाट सुविधा लिन सकेका छैनन्। डीप बोरिङको योजना पूरा भएको छैन (हेर्नुहोस्, तस्बिर २)।

तस्बिर २ : सिरहा क्षेत्र नं. ३ बाट निर्वाचित सांसद लीलानाथ श्रेष्ठले सांसद विकास कोषबाट सिरहा नगरपालिकाको तीन ओटा वडामा आफ्ना भतिजाको श्रेष्ठ कन्स्ट्रक्शनलाई सञ्चालन गर्न लगाएको ५०-५० लाखको लागतमा जडित डीप बोरिङ।

सांसद श्रेष्ठले आ.व. २०७६/७७ मा अर्नामा गाउँपालिका-१ को महनौरमा कृषि बोरिङ जडान गर्न २५ लाख रुपियाँ विनियोजन गरिदिए। नेकपा माओवादी केन्द्र र नेकपा

एमाले मिलेर नेकपा बनेको बेला सो योजना कार्यान्वयन गर्न उपभोक्ता समितिको अध्यक्ष इजरायल अन्सारीलाई बनाइयो । अन्सारी नेकपा माओवादी केन्द्रबाट वडा अध्यक्ष जितेका मोहम्मद गफार मियाँका दाजु थिए ।

त्यसै गरी अर्नामा गाउँपालिका वडा नं. २ र ३ मा सिँचाइ पावर ड्रिल गर्न सांसद श्रेष्ठले आ.व. २०७७/७८ मा २० लाख रुपियाँ विनियोजन गरे । वडा नं. ३ मा नेकपा एमालेका स्थानीय नेता सत्यनारायण साह उपभोक्ता समितिका अध्यक्ष बने । कुल २० लाख रुपियाँमध्ये १० लाखको काम भयो भने १० लाखको काम हुन नसक्ने भएपछि सामग्री खरिद गरी अर्नामा गाउँपालिकाको स्टोरमा दाखिला भयो । अहिले ती सामग्री गाउँपालिकाको स्टोरमा रहेको प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्द सिंहले बताएका छन् । त्यस्तै, सिरहा नगरपालिका–६ को बसपिट्टा पासवान टोलको पोखरी निर्माण र सौन्दर्यकरणमा २० लाख रुपियाँ विनियोजन गरे । योजना सञ्चालन गर्न आफ्नै पार्टीका भ्रातृ संगठन अनेरास्ववियूका उमेश सढोकलाई उपभोक्ता समितिको अध्यक्ष बनाए । पोखरीको घाट र सौन्दर्यीकरणको काम गुणस्तरहीन हुँदा निर्माण गरिएको संरचना नै भत्किन पुगेको छ ।

सिरहा क्षेत्र नं. ४ का सांसद तथा पूर्व सूचना तथा सञ्चारमन्त्री राजकिशोर यादव (जनता समाजवादी पार्टी) ले आ.व. २०७५/७६ मा कर्जन्हा नगरपालिका-६ बथानटोल–बडहरा–मिर्चैयाको भेडवा खोलामा पुल निर्माण गर्न कोषबाट ५० लाख रुपियाँ बजेट विनियोजन गरे । बजेट विनियोजन भएपछि कार्यान्वयन गर्न जिल्ला समन्वय समितिले कर्जन्हा नगरपालिकालाई पत्र पठायो । कर्जन्हा नगरपालिकाले पुल बनाउन उपभोक्ता समिति गठनको प्रक्रिया शुरू गऱ्यो । उपभोक्ता समितिमा तत्कालीन संघीय समाजवादी फोरम (ससफो) का स्थानीय नेता वीर यादव अध्यक्ष बनाइए । यसै विषयमा विवाद शुरू भयो । राष्ट्रिय जनता पार्टी (राजपा) मा रहेका यादव ससफोसँग मिलेर चुनाव लडेर सांसदमा विजयी भएका थिए । त्यसैले, ससफोका स्थानीय नेता-कार्यकर्ताले उपभोक्ता समितिमा आफ्नो हालीमुहाली खोजे । यता राजपा पक्षधर स्थानीय नेताहरूले त्यसको विरोध गरे, जसको कारणले पुल बनाउन निर्माण गरेको समितिले काम गर्न सकेन । आएको ५० लाख रुपियाँ पुल निर्माण नै नगरी फ्रीज भयो । अर्कोतिर, बिनाउपकरण उपभोक्ता समितिलाई पुल निर्माण गर्न दिनु प्राविधिक दृष्टिकोणले मिल्दैनथ्यो । त्यो पुल आफ्नै पार्टीका नेता-कार्यकर्ताको कारण बन्न नसक्दा सांसदले फेरि चासो राखेनन् । वर्षा याममा त्यो बाटो बन्द हुने हुँदा स्थानीयले सास्ती भोग्नुपर्छ (हेर्नुहोस्, तस्बिर ३) ।

त्यसै आर्थिक वर्ष सांसद यादवले कर्जन्हा नगरपालिका-९ को कर्जन्हा बजारको हटियामा ढलान गर्न १८ लाख रुपियाँ विनियोजन गरे । आफ्नै पार्टीका नेता मोहम्मद मस्तकिमलाई सो योजना सञ्चालन गर्न उपभोक्ता समितिको अध्यक्ष बनाए । आफू अध्यक्ष बनेपछि ३६ घण्टाभित्रै योजनाका काम सम्पन्न गरेको मस्तकिमले बताए । "असारको २४

मा काम गर्ने कार्यादेश मिल्यो, उनले भने, "३–४ ओटा मिक्स्चर प्रयोग गरी रातदिन गरी हटिया ढलान सकायौँ।" मस्तकिम हालैको २०७९ सालको स्थानीय चुनावमा जसपाबाट कर्जन्हा वडा नं. ९ को वडाध्यक्षमा निर्वाचित भएका छन्।

तस्बिर ३ : सिरहा क्षेत्र नं. ४ बाट निर्वाचित सांसद तथा पूर्व सूचना तथा सञ्चारमन्त्री राजकिशोर यादवले कर्जन्हा नगरपालिका-६ मा बथानटोल–बडहरा–मिचैंया जोड्न भेडवा नदीमा पुल बनाउने योजनामा उपभोक्ता समिति बारेको विवादपछि बजेट फ्रीज भएकोले सो ठाउँमा पुल बन्न सकेन।

आ.व. २०७६/७७ मा कर्जन्हा नगरपालिका-७, सिमरा टोलको दोनवारीमा सामुदायिक भवन निर्माण गर्न ११ लाख रुपियाँ र वडा नं. ११ को स्कूल टोलमा अधुरो हावा महल (गोलघर) बनाउन १० लाख रुपियाँ विनियोजन भयो। सांसद यादवले आफ्नै पार्टीका स्थानीय नेता-कार्यकर्तालाई राखी उपभोक्ता समिति बनाउन खोज्दा विरोध भएपछि योजना कार्यान्वयन नहुँदै बजेट फ्रीज हुन पुग्यो।

यसरी विकास कोषको रकम विनियोजनका क्रममा आफन्त, कार्यकर्ता र आसेपासेलाई बाँड्ने प्रवृत्तिले राज्यको त्यति ठूलो स्रोतबाट दीगो र भरपर्दो किसिमको काम हुन सकेको छैन। साथै, माथि बताइए झैँ मधेश प्रदेशको आर्थिक र मानव विकास सूचकांकको अवस्था हेर्दा शिक्षा, स्वास्थ्य र गरिबी निवारणमा जसरी प्राथमिकता साथ कोषको रकम सदुपयोग गर्न सकिन्थ्यो, त्यसतर्फ विकास कोषको रकम परिचालनमा हालीमुहाली गर्न छुट पाएका जनप्रतिनिधिहरूले ध्यान दिएका छैनन्।

कार्यक्रमको नकारात्मक असर, असन्तुष्टि र विरोध

सांसद विकास कोषको विभिन्न कोणबाट आलोचना हुँदै आएको छ । यसको दुरुपयोग र नकारात्मक असरबारे खास गरी जनसाधारण, बौद्धिक वर्ग, र सञ्चार माध्यमले पहिलेदेखि नै आलोचना गर्दैआएका छन् (आचार्य २०७५; देशसञ्चार २०७६; रिजाल २०७६; बस्नेत २०७७) । पछिल्लो समयमा त यसको औचित्यबारे राजनीतिक दल र सांसद सम्मले प्रश्न उठाए र पछि यो कार्यक्रम खारेज भयो ।

वैशाख १८, २०७७ मा प्रमुख प्रतिपक्षी दलको रूपमा रहेको नेपाली काँग्रेसको केन्द्रीय समितिको बैठकले संविधान अनुसार जेठ १५ मा सार्वजनिक गर्ने आगामी बजेटमा सांसद विकास कोष खारेज गर्न माग गरेको थियो (न्यौपाने २०७७; पोखरेल २०७७) । कोभिड संक्रमणको जोखिम रहेकोले नेपाली काँग्रेसले यस्ता बजेट स्वास्थ्य क्षेत्रमा खर्च गर्न सकिने बताएको थियो । "कोरोनाको जोखिम सामना गर्न आवश्यक ठूलो रकमका लागि सांसद विकास कोषका रूपमा विनियोजन गरिँदै आएको नीति खारेज गरेर कोरोना विरुद्धको सचेतना, सामग्री, राहत र उपचारमा रकम पर्याप्त प्रबन्ध गर्न बैठकले सरकारसँग माग गरेको छ," काँग्रेसले गरेको निर्णयमा भनिएको छ । साथै, काँग्रेस केन्द्रीय समिति बैठकले स्थानीय, प्रदेश र केन्द्र सरकारले विकास, निर्माणका काम गर्ने भएकोले अब सांसदका नाममा बजेट दिइरहनु नपर्ने निष्कर्ष निकालेको थियो । "सांसद विकास कोष नीति नै खारेज गर," काँग्रेस केन्द्रीय समितिले गरेको निर्णयमा भनिएको छ, "यस्ता बजेटका नीति नै खारेज गर्नुपर्छ" (पोखरेल २०७७) ।

यसअघि असार २०७६ मा एक पटक साझा पार्टीले अन्य पार्टीहरूलाई उक्त बजेट अस्वीकार गर्न आग्रह गरेको थियो । सो पार्टीले बागमती प्रदेशकी आफ्नी सांसद शोभा शाक्यलाई बजेट अस्वीकार गर्न निर्देशन समेत दिएको थियो । कोषको रकममा प्रत्यक्ष निर्वाचित सांसदकै हालीमुहाली हुने गरेको भन्दै समानुपातिक सांसदहरूले आफूहरूलाई विभेद गरिएको बताएका थिए । त्यही भएर नेपाली काँग्रेसका सांसदहरूले वैशाख १७, २०७७ मा विभेदपूर्ण नियमावली खारेजीको माग गरे । काँग्रेसका समानुपातिक सांसद प्रकाश स्नेही, रंगमती शाही र राष्ट्रिय सभाका सांसद प्रकाश पन्थले २०७६ सालमा सर्वोच्च अदालतमा रिट नै दायर गरे (बस्नेत २०७७; देशसञ्चार २०७६) । अदालतले कानून बनाएर मात्र उक्त रकम खर्च गर्न निर्देशन समेत दियो ।

जेठ १५, २०७८ मा आ.व. २०७८/७९ को बजेट सार्वजनिक गर्दै नेकपा-एमालेका अर्थमन्त्री विष्णु पौडेलले सांसद विकास कोष खारेज भएको जनाए । बजेट वक्तव्यको बुँदा नम्बर ३६० मा भनिएको छ, "कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचार तथा प्रभावितलाई प्रदान गरिने राहत एवं आर्थिक पुनरुत्थानका लागि स्रोत व्यवस्थापन गर्नुपर्ने आवश्यकता र आम नागरिकको सुझावलाई समेत सम्मान गर्दै स्थानीय पूर्वाधार

साझेदारी कार्यक्रम खारेज गरेको छु" (अर्थ मन्त्रालय २०७८ : ७८–७९; हेर्नुहोस्, पुरी २०७८; हिमालखबर २०७८) ।

पछिल्लो समयमा यसरी राजनीतिक दलका नेता र सांसदहरूले नै यो कोषको विरोध र खारेजीको माग गरे पनि उनीहरूले यो कोषको दुरुपयोग र नकारात्मक प्रभावलाई खारेजीको कारणको रूपमा स्वीकारेको पाइँदैन । कोषको दुरुपयोग र नकारात्मक प्रभावबारे विभिन्न टीकाटिप्पणी भएका छन् । फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहालले आफ्नो अध्ययनमा धेरैजसो सांसदले सो रकम खर्च गर्ने उपभोक्ता समितिको नेतृत्वमा आफ्नै नातेदार वा आफ्नै कार्यकर्तालाई ल्याउने गरेको पाइएको बताउँछन् । साथै, उपभोक्ता समितिको आवरणमा सांसदले विकास कोषलाई पैसा कमाउने माध्यम बनाउने गरेको पनि उनको दाबी छ । मापदण्ड विपरीत योजनाको संख्या धेरै बनाएको, योजना छनोटमा पनि सांसदले मनोमानी गरेको, सही ढंगले लेखापरीक्षण र अनुगमन नभएको आफूहरूले पाएको उनको ठहर छ । यतिसम्म कि सांसद विकास कोष अन्तर्गतका योजनाहरू पहिल्यै कमिसन लिएर, दलाल लगाएर बेच्ने गरेको पनि उनी बताउँछन् ।[९] यसरी भ्रष्टाचारलाई सीधै तल्लो तहसम्म विस्तार गर्न सांसद विकास कोषको व्यवस्थाले सघाएको छ ।

दाहालका अनुसार यो कार्यक्रमले निरन्तरता र बढावा पाउनुमा र दुरुपयोग हुनुमा लोभ, दबाब, र अस्थिर राजनीति जिम्मेवार छन् । जो मन्त्री भयो उनले मात्रै आफ्नो क्षेत्रमा, जिल्लामा बजेट लगेर बजेट प्रणालीलाई दुरुपयोग गरेपछि सांसदहरूलाई पनि लोभ जाग्यो । उनीहरूले पनि यस्तो किसिमको बजेट माग गरे । बजेट पाएपछि सजिलो गरी कार्यकर्तालाई चुप लगाउन सकिने र आफ्नो राजनीति बलियो बनाउन सकिने भयो । त्यसै गरी, कुनै दलको बहुमत नहुँदा दलीय गठबन्धन जोगाउनुपर्ने र सरकार चलाउनुपर्ने अवस्थामा सबैलाई मन्त्री बनाउन नसकिने भएकोले सबै सांसदलाई खुसी बनाउन सांसद विकास कोषको दुरुपयोग भयो । वि.सं. २०६२/६३ पछि सहमतीय राजनीतिको संस्कार शुरू भयो, जसले यस्तो विकृतिलाई थप मलजल गऱ्यो ।

सुशासनको क्षेत्रमा अनवरत लेख्ने गरेका *ईकागज* अनलाइनका सम्पादक हरिबहादुर थापा पनि सांसद विकास कोषको रकम दुरुपयोग भएको बताउँछन् । सो रकम जिल्लामा पार्टी कार्यालय निर्माणका लागि समेत खर्चिएका उदाहरण छन् । टुक्राटाक्री योजना दिने, आफ्ना कार्यकर्ता बढी भएका ठाउँमा बजेट दिनेदेखि पार्टीका दिवंगत नेताहरूका नाममा खुलेका प्रतिष्ठानलाई रकम उपलब्ध गराउने काम समेत भएका छन् । उक्त रकमबाट सांसदले जिल्ला वा क्षेत्रमा प्रशासनिक कामका लागि कार्यालय खोल्ने तर उक्त कार्यालयलाई पार्टीको कामका लागि पनि प्रयोग गरिएका छन् । स्थानीय तहका पदाधिकारी र सांसद फरक-फरक पार्टीका भएका ठाउँमा तालमेलको अभावमा योजना पनि भद्रगोल भएका

[९] दाहालसँग साउन २९, २०७८ मा गरिएको कुराकानी ।

छन् । सांसद विकास कोषमा रकम दुरुपयोग हुन पुग्दा त्यसले सांसदलाई बदनाम गरेको छ । अझ, संघीय सांसद मात्र होइन प्रदेश सभासदहरूलाई बजेट छुट्ट्याउनु परेपछि ठूलो रकम त्यसैमा खर्च हुन पुग्छ ।[१०]

तारानाथ दाहालका अनुसार यसका केही गम्भीर असर हुन्छन् । पहिलो, यसले संसदीय लोकतन्त्रको मूल्य र मान्यतामाथि प्रहार गर्छ, किनभने यसले स्वस्थ राजनीतिक प्रतिस्पर्धालाई कमजोर बनाउँछ । सांसद हुनेहरूले निर्वाचनताका त्यही सरकारी पैसा करोडौँ खर्च गर्छन्, र पैसा नहुनेले प्रतिस्पर्धा गर्न सक्दैनन् । दोस्रो, यसले सांसदलाई भ्रष्ट बनाउँछ । सांसदलाई नीति-निर्माण गर्ने प्रक्रियामा भन्दा बढी यस्तो आयोजनामा काम गरेर पैसा कमाउनमा लगाउँछ । तेस्रो, मुलुकको विधि र नीति-निर्माण प्रक्रिया पनि यसले अवरुद्ध गर्छ । चौथो, शक्ति पृथकीकरणको सिद्धान्त अनुसार पनि यो मिल्दैन । विकास निर्माण कार्यकारीको अधिकार हो, विधायिकाको होइन । पाँचौँ, यो संघीयताको पनि विरुद्ध हो । संघीयतामा प्रदेश सरकार र स्थानीय सरकारले बजेट बनाएर विकास गर्ने हो; संघको वा प्रदेशको सांसदले वडा स्तरको काम गर्ने होइन ।[११]

नेपाल लगायत विभिन्न देशका सांसद विकास कोषको अध्ययन गरेका अल्बर्ट भान जाइलले यस्ता कार्यक्रमले विकृति ल्याउने गरेको र गरिब मुलुकहरूमा यस्ता कार्यक्रमले प्रत्यक्ष सांसदहरूको रजगज हुने गरेको निष्कर्ष निकालेका छन् । सांसदहरूले बजेट व्यवस्थापन र खर्च गर्ने कार्यभन्दा सेवा प्रवाह र कार्यपालिकालाई बढी जिम्मेवार बनाउनेतर्फ लाग्नुपर्ने उनको धारणा छ ।[१२]

प्रदेशमा सांसदले सञ्चालन गर्दैआएको निर्वाचन क्षेत्र विकास कार्यक्रमप्रति उत्तिकै व्यापक गुनासो छ । पूर्व राजदूत विजयकान्त कर्णले मधेश सरकारले दलका कार्यकर्तालाई बाँड्न सांसद विकास कोषलाई प्रदेशमा निरन्तरता दिएको बताउँछन् । यस कोषको रकम सदुपयोगभन्दा दुरुपयोग बढी भएकोले यसलाई लिएर जनस्तरबाट विरोध भइरहेको हुनाले रोकिनुपर्ने उनी बताउँछन् ।[१३]

निष्कर्ष

सिरहाका चार सांसदले तीन वर्षमा ५६ करोड लागतमा २५२ योजना छनोट गरे । योजना दिगो हुनुभन्दा कार्यकर्तामुखी भएको देखिएको छ । दलकै सक्रिय कार्यकर्ताको नेतृत्व रहने गरेकोले उपभोक्ता समिति गठन कार्यकर्तामुखी भएको थाहा पाउन सकिन्छ । कागजी काम

[१०] थापासँग असोज २७, २०७९ मा गरिएको कुराकानी ।

[११] दाहालसँग साउन २९, २०७८ मा गरिएको कुराकानी ।

[१२] हेर्नुहोस्, https://internationalbudget.org/publications/brief10/

[१३] कर्णसँग मिति साउन २०, २०७८ मा गरिएको कुराकानी ।

गर्ने र कार्यकर्ता पोस्ने गर्दा उपभोक्ता समिति गठनमा विवाद भएका छन् । विकास कोषको रकमबाट विकास निर्माणका काम गर्ने नाउँमा सांसदहरूले अपारदर्शी तरिकाले जथाभावी योजना बनाउने र बाँड्ने गर्नाले उनीहरूले दुई किसिमबाट व्यक्तिगत लाभ लिएको देखिन्छ । एक, आफ्ना आफन्त र कार्यकर्तालाई खुशी बनाउने र आउँदा चुनाव आफ्ना लागि अझ सहज बनाउने, र अर्को दिएका योजनाबाट कमिसन लिने र आर्थिक हैसियत उकास्ने ।

जम्मा ५६ करोड लागतमा २५२ योजना बनाउनु आफैमा वितरणमुखी काम हो । त्यसै गरी, मठ-मन्दिर र द्वारहरू निर्माण गर्ने, सामुदायिक भवन र पर्खाल बनाउने, माटो र ग्राभेल भर्ने जस्ता योजनाहरू हेर्दा उनीहरूले कोषको रकम अनुत्पादक भौतिक संरचनामा खर्चेको प्रस्ट हुन्छ, जसले त्यस क्षेत्रको आर्थिक विकासमा खासै योगदान गर्दैनन्, न त ती उस्तो प्राथमिकता दिइनुपर्ने अत्यावश्यक परियोजना नै हुन् । त्यसमाथि लाखौँ करोडौँ खर्चेर बनाइएका संरचनाहरूको कमसल गुणस्तरका कारण केही महिना वा वर्ष नबित्दै भत्किन थालिसकेका छन् ।

अरू अध्ययनले देखाए जस्तै यी तथ्यहरूले केन्द्र तथा प्रदेशका सांसदहरूले आफू पनि भ्रष्ट हुने र भ्रष्टाचारलाई स्थानीय स्तरसम्मै पुऱ्याउने काम गरेको प्रस्ट हुन्छ । साथै, अनावश्यक र अनुत्पादक भौतिक निर्माणमा सरकारी ढुकुटी खर्च गरेर त्यसैलाई नै विकास हो भन्ने भाष्य स्थापित गर्न पनि यसले मद्दत गरेको देखिन्छ ।

देशको विभिन्न राष्ट्रिय स्तरको सूचकांकमा पछाडि रहेको सिरहा जिल्लामा रोजगारी वृद्धि गर्ने र शिक्षा र स्वास्थ्य सेवामा योजना बनाई कार्यान्वयन हुनुपर्थ्यो, तर त्यसो हुन सकेन । संविधानले नै आत्मसात गरेको नागरिकको मौलिक हक अन्तर्गतको शिक्षा, स्वास्थ्य, गरिबी न्यूनीकरण र रोजगारी वृद्धिमा सांसदहरूले न्यून बजेट विनियोजन गरे । त्यस्ता विषयलाई प्राथमिकता दिन सकेको भए स्रोतको सदुपयोग भई मधेश प्रदेशको मात्र नभई समग्र राष्ट्रकै लागि दीर्घकालीन महत्त्वको काम हुन सक्थ्यो ।

संघीय स्तरमा यो कार्यक्रम खारेजी भएपछि देशमा सांसदको नाउँमा गरिने विकासे आयोजनाहरूको खुद्रे कार्यक्रम एक प्रकारले रोकिन पुगेको छ । तर, कार्यक्रमले प्रदेशमा भने निरन्तरता पाएको छ । मधेश प्रदेशले चालू आ.व. २०७९/८० को लागि बजेटमा समेत यस कार्यक्रमको लागि २ अर्ब ३५ करोड विनियोजन गरिसकेको छ र योजना छनोटको चरणमा रहेको छ । प्रदेश १, बागमती प्रदेश, सुदूरपश्चिम प्रदेशले पनि निर्वाचन क्षेत्र विकास कार्यक्रम भन्दै करोडौँ रकम विनियोजन गरिसकेका छन् । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताका कारण रोकिएको यो कार्यक्रम निर्वाचनपछि आचारसंहिता निष्कृय भएसँगै अब कार्यान्वयनको चरणमा पुगेको छ । नयाँ संसद् र नयाँ सरकारले यस विषयमा व्यापक विमर्श गर्नुपर्छ । विभिन्न अनुसन्धान-प्रतिवेदन र स्वयं राजनीतिक दलहरूले नै अन्त गर्न जोड दिइरहँदा त्यसबाट प्रदेश सरकारले पनि सिक्नुपर्छ । त्यति

मात्र होइन मिडिया र नागरिक समाजले यो विषय बारेका बहसलाई निरन्तरता दिनुपर्छ । नभए कम्तिमा संघीय स्तरमा खारेज गरिएको यो कार्यक्रम केही समयपछि सांसदहरूकै दबाबमा पुनः शुरू नहोला भन्न सकिँदैन ।

धन्यवाद

यो अनुसन्धान तथा लेखनमा प्रोत्साहन गर्ने मार्टिन चौतारी र सो संस्थाका अनुसन्धाता तथा मेरा मेन्टर सोहन प्रसाद साहप्रति आभारी छु । जनकपुरमा पुस १–२, २०७९ मा मार्टिन चौतारीद्वारा आयोजित कार्यशालामा यो अनुसन्धान प्रस्तुतिका क्रममा टिप्पणी गरी सुझाव दिनुहुने मधेश प्रदेशको अर्थ मन्त्रालयका सचिव रूपेश साह लगायत अन्य सहभागीहरूलाई धन्यवाद छ । त्यसै गरी, यो लेखको मस्यौदा पढी आवश्यक परिमार्जनका लागि सुझाव दिने र सम्पादन गरिदिने महेशराज महर्जन, देवराज हुमागाईंप्रति पनि आभारी छु । कुराकानीका लागि समय उपलब्ध गराउनुहुने *ईकागज*का सम्पादक हरिबहादुर थापा, फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहाल, अनुसन्धानकर्ता भोला पासवान, विजयकान्त कर्ण, लेखक चन्द्रकिशोरलाई पनि धन्यवाद छ ।

सन्दर्भ सामग्री

अर्थ मन्त्रालय । २०५१ । *आ.व. २०५१/०५२ को बजेट वक्तव्य* । काठमाडौँ : श्री ५ को सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय । २०५२ । *आ.व. २०५२/०५३ को बजेट वक्तव्य* । काठमाडौँ : श्री ५ को सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय । २०७१ । *आ.व. २०७१/०७२ को बजेट वक्तव्य* । काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय । २०७२ । *आ.व. २०७२/०७३ को बजेट वक्तव्य* । काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय । २०७३ । *आ.व. २०७३/०७४ को बजेट वक्तव्य* । काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय । २०७५ । *आ.व. २०७५/०७६ को बजेट वक्तव्य* । काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय । २०७६ । *आ.व. २०७६/०७७ को बजेट वक्तव्य* । काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय । २०७७ । *आ.व. २०७७/०७८ को बजेट वक्तव्य* । काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

आचार्य, कृष्ण । २०७५ । सांसदलाई विकास बजेट, मिचियो संविधान । *सेन्टर फर इन्भेष्टिगेटिभ जर्नालिजम् (सीआईजे) नेपाल*, असार १९ । https://cijnepal.org.np/budget/ मा उपलब्ध; पुस १९, २०७९ मा हेरिएको ।

देशसञ्चार । २०७६ । पूर्वाधार साझेदारी कार्यक्रमको नियमावली खारेजीको माग गर्दै सर्वोच्चमा रिट । मंसिर ३० । https://deshsanchar.com/2019/12/16/287786/ मा उपलब्ध; पुस ११, २०७९ मा हेरिएको ।

नीति तथा योजना आयोग । २०७७ । *प्रदेश पार्श्वचित्र,* २०७७ । जनकपुर : मधेश प्रदेश, नीति तथा योजना आयोग ।

न्यौपाने, कुलचन्द्र । २०७७ । काँग्रेसको आर्थिक दृष्टिकोण : आर्थिक शैथिल्यमा कोरोना मात्र दोषी छैन । *कान्तिपुर*, जेठ १२ । https://ekantipur.com/business/2020/05/25/159036857437298393.html मा उपलब्ध; पुस १९, २०७९ मा हेरिएको ।

पुरी, अच्युत । २०७८ । सरकारले ल्यायो १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट । *अनलाइनखबर*, जेठ १५ । www.onlinekhabar.com/2021/05/961795 मा उपलब्ध; पुस १९, २०७९ मा हेरिएको ।

पोखरेल, प्रशन्न । २०७७ । सांसद विकास कोष सदाका लागि खारेज गर्न काँग्रेसको माग । *सेतोपाटी*, वैशाख १८ । www.setopati.com/politics/205181 मा उपलब्ध; पुस ११, २०७९ मा हेरिएको ।

बस्नेत, लक्ष्मी । २०७७ । खारेजीको बहसमा 'सांसद विकास कोष' । *हिमालखबर*, जेठ १ । www.himalkhabar.com/news/114006 मा उपलब्ध; पुस १९, २०७९ मा हेरिएको ।

रिजाल, कृष्ण । २०७६ । सांसद विकास कोषको रकम खर्च गरे तीन सय बेड क्षमताका अस्पताल सातै प्रदेशमा निर्माण सम्भव । *नयाँ पत्रिका*, चैत २८ । https://nayapatrikadaily.com/news-details/40877/2020-04-10 मा उपलब्ध; पुस १९, २०७९ मा हेरिएको ।

हिमालखबर । २०७२ । सांसद विकास कोषमा मनपरी : प्रतिवेदन । वैशाख ७ । http://archive.himalkhabar.com/100167 मा उपलब्ध; पुस १९, २०७९ मा हेरिएको ।

हिमालखबर । २०७८ । सांसद विकास कोष खारेज । जेठ १५ । www.himalkhabar.com/news/123931 मा उपलब्ध; पुस १९, २०७९ मा हेरिएको ।